लुम्बिनी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

(बैठक तथा आन्तरिक प्रशासन शाखा)

पत्र संख्याः- २०८२/०८३

च.नं.:- १०९०

ने.सं. ११४६

मितिः२०८३/०२/२८

श्री मन्त्रालय/आयोग (सबै),
लुम्बिनी प्रदेश।

विषयः- सचिव बैठकको निर्णय पठाइएको सम्बन्धमा।

प्रस्तुत विषयमा मिति २०८३/०२/२७ गतेको १६७ औं प्रदेश सचिव बैठकका निर्णयहरू आवश्यक कार्यान्वयनका लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

(खेमबहादुर थापा)
वरिष्ठ शाखा अधिकृत

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## लुम्बिनी प्रदेश सरकार

## मिति २०८३/०२/२७ गतेको १६७ औं प्रदेश सचिव बैठकका निर्णयहरु:

१. प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २६ बमोजिम कार्यरत निकायबाट अन्यत्र काजमा खटिएका कर्मचारीलाई निजको काज अवधि समाप्त भएपछि पदाधिकार रहेको निकायमा नै फिर्ता पठाउनु पर्ने व्यहोराको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. १९९७, मिति २०८३/०२/०६मा पत्राचार भएको व्यवस्थाको अनिवार्य कार्यान्वयन गर्ने ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत तालुक निकायबाट माग भएका विवरण तोकिएको अवधिभित्रै सम्बन्धित निकायमा प्रेषित गर्ने। साथै, यस कार्यालयबाट च.न. १९४०, मिति २०८३/०१/२३ गते पत्राचार भएको दोहोरो सुविधा लिएका पदाधिकारीहरुको विवरण पठाउन बाँकी रहेका मन्त्रालयले यथासिघ्र उपलव्ध गराउने।

३. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रदेश सभाबाट स्वीकृत भएको आ.व. २०८३/८४ को नीति तथा कार्यक्रमसँग सामञ्जस्यता हुनेगरी गर्ने।

४. आगामी आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रभ आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको समयसीमा भित्रै विषयगत मन्त्रालयले PLMBIS मा प्रविष्टि गर्ने।

५. आर्थिक ऐन, बिनियोजन ऐन तथा वजेट बक्तव्यमा समावेश गर्नु पर्ने प्रमुख विषयहरु विषयगत मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयमा यथासिघ्र उपलव्ध गराउने।

६. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम हुने गरी सबै बिषयगत मन्त्रालयले मौजुदा सङ्गठनमा पुनरावलोकन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी कार्य सम्पन्न गर्ने र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा यथासिघ्र पेश गर्ने।

७. तालुक निकायको अख्तियारवालाबाट अनिवार्य स्वीकृत हुने गरी अन्तर्गतका निकायका कार्यालय प्रमुख/विभागीय प्रमुखको भ्रमण काज तथा बिदा स्वीकृत गर्ने व्यवस्था गर्ने।

८. नवनिर्मित प्रशासनिक भवन तथा प्रशासनिक परिसरमा आफुखुसी नयाँ संरचना निर्माण लगायतका कार्य नगर्ने नगराउने।

प्रमुख सचिव